# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd

पत्र संख्या : २०८०/०८१ ११

चलानी नं. : १६६१

CDS
and
Clearing Ltd.

मिति : २०८१।०१।३१

सम्पूर्ण राफसाफ सदस्य,

**विषय : <u>गुनासो व्यवस्थापन सम्बन्धमा ।</u>**

महाशय,

उपर्युक्त सम्बन्धमा श्री नेपाल धितोपत्र बोर्डबाट प्राप्त जानकारी अनुसार धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्ने क्रममा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को व्यवस्था बमोजिम समयमा कारोबार रकम भुक्तानी नगरेको भनि श्री नेपाल धिोपत्र बोर्डका साथै यस लि. मा समेत उजुरी तथा गुनासाहरु पेश पर्ने क्रम दिनानु दिन बढ्दै गएकोले सो सम्बन्धमा विभिन्न मितिमा गुनासो पेश भएका राफसाफ सदस्य र दुइ वटै ब्रोकर एसोसिएसनका प्रतिनिधिहरुको उपस्थितिमा यस लि. मा छलफल गरी धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा भएको गुनासो सुन्ने संयन्त्र लगायतका ऐ विनियमावलीका सम्पूर्ण व्यवस्थाहरु पूर्ण रुपमा परिपालना गर्ने प्रतिवद्धता व्यक्त गरेकोमा हास सम्म पनि गुनासाहरु आउने क्रम नघटेको पाइएकोले कुनै राफासाफ सदस्यले उक्त विनियमावलीको पूर्ण रुपमा पालना नगरेको पाइएमा सोही विनियमावलीको विनियम ३२ को व्यवस्था बमोजिम कारवाही अगाडि बढाइने व्यहोरा जानकारी गराउँदछौ ।

साथै लगानीकर्ताहरुका गुनासाहरु प्रभावकारी रुपमा व्यवस्थापन तथा समाधान गर्नका लागि तत्कालै गुनासो व्यवस्थापन अधिकृत नियुक्त गरी निजको सम्पर्क नम्बर र इमेल ठेगाना सहित आ-आफ्नो वेभसाइटमा प्रकाशित गरी यस लि. मा समेत जानकारी गराउनु हुन अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

भवदीय,

२०८१।१।३१

पूर्ण प्रसाद आचार्य

प्रमुख कार्यकारी अधिकृत

**शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल**

Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.

Tel.: +977-01-5360386/5316068/5360783, Fax: +977-01-5340357

Email: info@cdsc.com.np, Website: www.cdsc.com.np